# आनुवंशिक स्रोतमा पूर्व सुसूचित सहमति

विकास पौडेल

मानव समुदायका लागि प्राकृतिक स्रोतको उपयोग अपरिहार्य छ । त्यसैले तिनको उपयोग गर्न मानव समुदायले आफनो उत्पत्तिसँगै सिकेका हुन् । प्रारम्भमा मानिसहरू आफ्ना वरिपरि पाइने स्रोतहरूको उपयोग गर्दथे । पछि फरक-फरक ठाँउमा उपलब्ध भएका त्यस्ता स्रोतहरूको पनि प्राप्ति र उपयोग गर्न थाले ।

प्रारम्भमा त्यस्ता प्राकृतिक स्रोतहरू प्राप्त गर्न कुनै कठिनाई थिएन । तर पछि वस्ती विस्तार र राज्य विस्तार हुँदै जाँदा तिनको प्राप्ति स्रोतको वरिपरि रहने समुदाय वा राज्यसँग सहमतिका आधारमा आदानप्रदान हुने र कतिपय अवस्थामा लडाइँ नै गर्नुपर्ने परिस्थिति बन्यो । सभ्य समाजको विकास भएदेखि भने त्यस्ता स्रोतहरूको आदानप्रदान खुला र सहज रुपमा आपसी सहमतिका आधारमा हुने गरेको छ र यस्तो सहजताले मानव जीवनको खाद्य सुरक्षा र खाद्य विविधतालाई सरल बनाइदिएको छ । यसप्रकार मानिसहरूलाई अत्यावश्यक त्यस्ता खालका प्राकृतिक स्रोतहरू विश्वको जुनसुकै कुनामा रहेको भएपनि सम्पूर्ण मानव जातिको साझा सम्पत्तिको रूपमा लिइने र निःशुल्क प्राप्त गर्न सकिने अवस्था सभ्यता आरम्भदेखि लामो अवधिसम्म रह्यो । अहिले चाहिँ खासगरी आनुवंशिक स्रोतहरू मानव जातिको साझा सम्पत्ति नभएर त्यस्ता स्रोतको संरक्षण र विकासमा योगदान पुऱ्याउने समुदायका सम्पत्ति हुन् भन्ने मान्यताले स्थान पाउँदै गएको छ ।


greenpeace.org

> प्राकृतिक रूपमा उपलब्ध जैविक तथा आनुवंशिक स्रोतहरू त्यस्ता वैज्ञानिक अनुसन्धान र विकासका लागि मुख्य आधार हुन् । तर जैविक तथा आनुवंशिक विविधतामा धनी मुलुकहरू विज्ञान, प्रविधि र अनुसन्धान तथा विकासका क्षेत्रमा कमजोर छन् ।




प्राकृतिक स्रोतको उपयोगका लागि विज्ञान-प्रविधिको प्रयोग विज्ञान-प्रविधिको विकास भएदेखि नै हुँदै आएको छ । प्राकृतिक रूपमा उपलब्ध जैविक तथा आनुवंशिक स्रोतहरू त्यस्ता वैज्ञानिक अनुसन्धान र विकासका लागि मुख्य आधार हुन् । तर जैविक तथा आनुवंशिक विविधतामा धनी मुलुकहरू विज्ञान, प्रविधि र अनुसन्धान तथा विकासका क्षेत्रमा कमजोर छन् । विकसित मुलुकहरू भने त्यस्ता स्रोत-साधनको वैज्ञानिक विकास र तिनको उपयोग गर्ने कार्यमा धेरै अगाडि पुगिसकेका छन् ।

विकसित मुलुकहरूले जैविक तथा आनुवंशिक स्रोतको उपयोग गर्ने क्रममा कम विकसित मुलुकका स्रोतमा पनि सहज, सरल र निःशुल्करूपमा पहुँच पाउँदै आएका छन् । उनीहरू त्यस्ता स्रोतको उपयोग गरी नयाँ आविष्कार गर्दछन् र ती आविष्कारमा आफ्नो बौद्धिक सम्पत्तिको अधिकार स्थापित गर्दछन् । जैविक स्रोतको वैज्ञानिक उपयोगमा रहेको यस्तो खालको अन्यायपूर्ण अभ्यासले अनुसन्धानकर्ता, वैज्ञानिक, प्रजनक तथा बहुराष्ट्रिय कम्पनीलाई मात्र लाभ पुग्ने गरेको छ तर ती स्रोतको संरक्षण गर्ने राष्ट्र र संरक्षणमा प्रत्यक्ष रूपमा संलग्न समुदायले भने कुनै लाभ पाएका छैनन् र स्वामीत्वसमेत गुमाउदै गएका छन् । फलतः यस्ता स्रोतको दिन प्रतिदिन ह्रास हुँदै गएको छ ।

सन् ८० को दशकदेखि जैविक विविधताको संरक्षण, तिनको दीगो उपयोग र त्यस्तो उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड हुनुपर्दछ भन्ने धारणाले मान्यता पाउँदै आएको छ र उक्त धारणालाई अझ बढी बलियो बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रयाससमेत हुँदै आएका छन् ।

## पहुँच र लाभको बाँडफाँडको प्रक्रियामा समुदायको सहभागिता

आनुवंशिक स्रोतमा पहुँच दिन र त्यस्ता स्रोतको व्यवसायिक उपयोगबाट प्राप्त हुने लाभको बाँडफाँड गर्ने विधि तय गर्न विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौता भएका छन् । त्यस्ता सन्धि-सम्झौतामा विश्वको विभिन्न ठाँउमा पाइने आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानमाथिको स्वामीत्व कसको हुने; ती स्रोत र सम्बन्धित परम्परागत ज्ञानमा अनुसन्धानकर्ता, वैज्ञानिक, प्रजनक र बहुराष्ट्रिय कम्पनीहरूलाई कसरी पहुँच दिने; त्यस्ता स्रोतको वैज्ञानिक उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड कसरी गर्ने; सम्बन्धित स्रोत र ज्ञानमा ती स्रोत र ज्ञानका धनीको अधिकारलाई कसरी व्यवस्थित गर्ने आदिबारे विभिन्न प्रबन्ध गरिएका छन् । ती विभिन्न सन्धि-सम्झौतामध्ये नेपाल पक्ष राष्ट्र भएका केही अन्तर्राष्ट्रिय सन्धि-सम्झौताले गरेका प्रावधानबारे यहाँ चर्चा गरिएको छ ।

## जैविक विविधता महासन्धि

सन् १९९२ मा जैविक विविधताको संरक्षण गर्ने, तिनको दीगो उपयोग गर्ने र त्यस्तो उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्ने तीन उद्देश्यका साथ जैविक विविधता महासन्धि (Convention on Biological Diversity–CBD) जारी गरियो । यसले कुनै पनि राष्ट्रको भू-भागमा रहेको जैविक स्रोतमाथि सोही राष्ट्रको सर्वोपरि अधिकार रहने मान्यतालाई स्थापित गरिदिएको छ । साथै, परम्परागत रूपमा जैविक स्रोतको संरक्षण र विकासमा संलग्न र जीवनयापनका लागि ती स्रोतमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदायको त्यस्ता स्रोतमाथि नैसर्गिक अधिकार रहने कुरालाई पनि महासन्धिले आत्मसात् गरेको छ ।

जैविक विविधता महासन्धिले कुनै एक देशको भू-भागमा रहेको आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानमा अर्को देशको व्यक्ति वा संस्था, वैज्ञानिक, प्रजनक वा व्यावसायिक कम्पनीका लागि पहुँच प्राप्त गर्ने विधि तय गरेको छ । यसले पहुँचका लागि समुदायको पूर्व सुसूचित सहमति र दुई देशबीच आपसी समझदारीका शर्तहरू (mutually agreed terms) को अनिवार्यताको सिन्द्धान्तको विकास गरेको छ । यो महासन्धिअनुसार पहुँच चाहने पक्षले पहुँच लिनु पहिले नै पहुँच प्राप्त गर्नुको उद्देश्य, स्रोतको उपयोग र क्रियाकलापसम्बन्धी विस्तृत विवरण, त्यसबाट हुनसक्ने लाभ र सम्भावित जोखिमलगायत सबै असरको यथार्थपरक सूचना दिनुपर्दछ र त्यसपछि मात्र पहुँच प्राप्त गर्न सकिन्छ । पहुँचको यस्तो खालको प्रक्रियालाई पूर्व सुसूचित सहमति भन्ने गरिन्छ ।

आनुवंशिक स्रोतमा पहुँच प्रदान गर्ने सम्बन्धमा पक्ष राष्ट्रहरूले पालना गर्नुपर्ने आधारभूत मान्यताका बारेमा महासन्धिको धारा १५ मा उल्लेख गरिएको छ । उक्त धारामा कुनै राष्ट्रमा रहेको आनुवंशिक स्रोतमा अन्य पक्षले पहुँच चाहेमा पहुँचको प्रक्रिया निर्धारण गर्ने अधिकार स्रोतको धनी राष्ट्रको सरकारमा रहन्छ र यस्तो प्रक्रिया सो राष्ट्रको राष्ट्रिय कानुनद्वारा निर्देशित हुनुपर्छ भनेर लेखिएको छ । महासन्धिले आफ्नो

भू-भागमा रहेका आनुवंशिक स्रोतमाथि पहुँच चाहनेका लागि वातावरणमा क्षति नहुने गरी र आनुवंशिक स्रोतको दीगो उपयोग हुने गरी पहुँच दिन प्रत्येक पक्ष राष्ट्रलाई निर्देश गरेको छ ।

त्यसैगरी महासन्धिको धारा ८ मा स्रोतको संरक्षण र दीगो उपयोग गर्ने स्थानीय समुदायको योगदानको सम्मान गरिएको छ । जीवनयापनका लागि स्थानीय जैविक स्रोतमा आश्रित आदिवासी जनजाति तथा स्थानीय समुदायले आफ्नो परम्परागत ज्ञान र अन्वेषणवाट स्रोतको संरक्षण र दीगो उपयोग गर्ने गरेका छन् । तसर्थ उक्त धारामा ती समुदायको स्वीकृति र सहभागितामा मात्र त्यस्ता स्रोत र ज्ञानको व्यावसायिक अन्वेषण, जगेर्ना र उपयोग गर्न पाइने र ती स्रोतबाट प्राप्त लाभको समन्यायिक हिस्सेदारी स्रोतको संरक्षण गर्ने समुदायले समेत पाउनु पर्ने कुरा उल्लेख छ ।

## बोन निर्देशिका

बोन निर्देशिका (Bonn Guidelines) जैविक विविधता महासन्धिका पक्ष राष्ट्रहरूलाई महासन्धिअनुकुलको राष्ट्रिय कानुन निर्माण गर्न सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको एउटा स्वेच्छिक र परिवर्तनीय दस्तावेज हो । यो कानुनी रूपमा बाध्यकारी दस्तावेज होइन । तर सन् २००२ मा महासन्धिले यसलाई मान्यता दिएपछि यो निर्देशिका पहुँच र लाभको बाँडफाँड प्रक्रियाको व्याख्या गर्ने मुख्य अन्तर्राष्ट्रिय दस्तावेज बन्न पुगेको छ । यो निर्देशिकाले आनुवंशिक स्रोतमा पहुँचको लागि दिइने पूर्व सुसूचित सहमतिमा सबै सरोकारवालाको सहभागिता हुनुपर्ने प्रावधान स्पष्ट रूपले उल्लेख गरेको छ ।

बोन निर्देशिकाले निर्दिष्ट गरेको पूर्व सुसूचित सहमतिको प्रक्रिया अनुसार कुनै एक देशको भू-भागमा पाइने आनुवंशिक स्रोतमा अर्को देशको अनुसन्धानकर्ता, वैज्ञानिक, प्रजनक वा बहुराष्ट्रिय कम्पनीले पहुँच चाहेमा स्रोत भएको देशको आधिकारिक राष्ट्रिय संस्थामार्फत् यस्तो सहमति लिनुपर्दछ । साथै, स्रोत भएको राष्ट्रले आफ्नो राष्ट्रिय कानुनमा पूर्व सुसूचित सहमति लिनको लागि स्थानीयस्तरसम्म जानुपर्ने आफ्नै किसिमको व्यवस्था पनि गर्न सक्दछ । यो निर्देशिकाले स्रोतमा पहुँच दिंदा आनुवंशिक स्रोतको हकमा ती स्रोतद्वारा जीवनयापन गरिरहेका आदिवासी जनजाति तथा स्थानीय समुदाय र परम्परागत ज्ञानको हकमा त्यस्ता ज्ञान भएका समुदायको स्वीकृति र सहभागितामा मात्र पूर्व सुसूचित सहमति दिने सिद्धान्तको विकास गरेको छ ।

## खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि

सन् २००१ मा संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (Food and Agriculture Organization of the United Nations—FAO) को पहलमा खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture—ITPGRFA) जारी भयो । यसले जैविक विविधता महासन्धिकै उद्देश्यलाई पच्छ्याउदै खासगरी परस्थानीय अवस्थामा संरक्षित ६४ प्रजातिका खाद्य र कृषिसँग सम्बन्धित वनस्पतिका आनुवंशिक स्रोतहरूमाथि बहुपक्षीय पहुँच (multilateral access) र तिनको उपयोगबाट प्राप्त लाभको बाँडफाँडको व्यवस्था गर्न आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौताको प्रबन्ध गरेको छ । यो सन्धिले खाद्य र कृषिसम्बन्धी वनस्पतिका आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र तिनको उपयोगबाट प्राप्त हुने लाभको समन्यायिक हिस्सेदारी पाउनु पर्ने विषयलाई स्पष्टसँगले कृषक अधिकारको रूपमा परिभाषित गरेको छ । तर, यस सन्धिमा उल्लेख गरिएको पहुँचको प्रक्रिया "बहुपक्षीय पहुँच"मा आधारित भएकोले स्थानीय कृषक समुदायसँग पूर्व सुसूचित सहमति लिनुपर्ने प्रावधान भने प्रष्टसँग उल्लेख छैन ।

## आदिवासी जनजातिसम्बन्धी महासन्धि

आदिवासी जनजातिसम्बन्धी महासन्धि (Convention concerning Indigenous and Tribal People in Independent Countries, or ILO 169) विश्वभरका आदिवासी तथा जनजाति समुदायको अधिकार संरक्षण गर्न अन्तर्राष्ट्रिय श्रम संगठनमार्फत् जारी गरिएको अन्तर्राष्ट्रिय महासन्धि हो । यस महासन्धिले आदिवासी जनजाति समुदायको मौलिक जीवनशैलीलाई अपनाई राख्न पाउने अधिकार सुरक्षित गर्न विभिन्न व्यवस्था गरेको छ । यसले आदिवासी जनजाति समुदायले पारम्परिक रूपमा संरक्षण र प्रयोग गर्दै आएका प्राकृतिक स्रोत-साधनमा ती समुदायको विशिष्ट अधिकार रहने व्यवस्था गरेको छ ।

महासन्धिको धारा १५ मा आदिवासी जनजातिले आफ्नो जग्गामा भएका प्राकृतिक स्रोतको प्रयोग, व्यवस्थापन र संरक्षण गर्ने कार्यमा सहभागी हुन पाउने अधिकार राज्यले सुरक्षित गरिदिनु पर्ने उल्लेख छ । साथै सरकारसँग स्वामीत्व भएका त्यस्ता स्रोतहरू कसैलाई प्रयोग गर्न अनुमति दिनु अगाडि आदिवासी जनजाति समुदायको हितको रक्षा कसरी हुनसक्छ

"यो निर्देशिकाले आनुवंशिक स्रोतमा पहुँचको लागि दिइने पूर्व सुसूचित सहमतिमा सबै सरोकारवालाको सहभागिता हुनुपर्ने प्रावधान स्पष्ट रूपले उल्लेख गरेको छ ।"



tradenote.net



ciifad.cornell.edu

> "आनुवंशिक स्रोतमा पहुँचका लागि पूर्व सुसूचित सहमतिको प्रावधानलाई अनिवार्य गर्न सो प्रावधान भएको राष्ट्रिय कानुनको आवश्यकता पर्दछ ।"

भन्ने विषयमा सम्बन्धित समुदायसँग परामर्श गर्नुपर्ने उल्लेख छ । यस महासन्धिअनुसार प्राकृतिक स्रोतको उपयोग गर्ने अनुमति लिएपछि त्यसबाट प्राप्त हुने लाभमा सम्बन्धित समुदायलाई यथासक्य सहभागी गराउनु पर्दछ र यस्तो कार्यबाट ती समुदायलाई कुनै प्रकारको हानि भएमा क्षतिपूर्ति प्रदान गर्नुपर्दछ । आनुवंशिक स्रोत प्राकृतिक स्रोतकै एक मुख्य अवयव भएकोले ती स्रोतहरू आदिवासी जनजाति समुदायको जीविकोपार्जनसँग विशिष्ट रूपमा जोडिएका छन् भन्न सकिन्छ । त्यसैले त्यस्ता स्रोतमा सरकारले कुनै अर्को पक्षलाई पहुँच दिँदा सम्बन्धित समुदायको पूर्व सुसूचित सहमति लिनुपर्ने हुन्छ । महासन्धिमा शाब्दिक रूपमा पूर्व सुसूचित सहमति लिनुपर्ने भनेर त भनिएको छैन तर सम्बन्धित समुदायसँग परामर्श गरेर मात्र स्रोतमा पहुँच दिनुपर्ने व्यवस्था भने स्पष्ट रूपमा उल्लेख छ ।

आनुवंशिक स्रोतको संरक्षण र दीगो उपयोगसम्बन्धी उल्लेखित अन्तर्राष्ट्रिय सन्धि-महासन्धिहरूले पहुँच प्राप्त गर्दा पूर्व सुसूचित सहमति लिनुपर्ने कानुनी व्यवस्था गर्न पक्ष राष्ट्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्देश गरेका छन् । तर ती प्रावधानको कार्यान्वयनका लागि राष्ट्रिय कानुनको आवश्यकता पर्दछ । उल्लेखित सन्धि-महासन्धिका केही पक्ष राष्ट्रले आफ्नो राष्ट्रिय कानुनमार्फत् त्यस्तो प्रबन्ध गरिसकेका छन् भने केही पक्ष राष्ट्रहरू त्यस्ता कानुनको निर्माणको चरणमा रहेका छन् ।

## आनुवंशिक स्रोतको पहुँचमा पूर्व सुसूचित सहमतिसम्बन्धी विभिन्न देशका कानुनी प्रबन्ध

आनुवंशिक स्रोतमा पहुँचका लागि पूर्व सुसूचित सहमतिको प्रावधानलाई अनिवार्य गर्न सो प्रावधान भएको राष्ट्रिय कानुनको आवश्यकता पर्दछ । राष्ट्रिय कानुनहरू राष्ट्र नै पिच्छे फरक हुने भएकोले त्यस्तो सहमतिको प्रक्रिया पनि हरेक राष्ट्रमा फरक हुनसक्छ । यहाँ केही राष्ट्रहरूले आफ्नो राष्ट्रिय कानुनमा गरेका पूर्व सुसूचित सहमतिसम्बन्धी व्यवस्थाबारे संक्षिप्त चर्चा गरिएको छ ।

आनुवंशिक स्रोतमाथि पहुँच दिने प्रक्रियाको व्यवस्था गर्न भारतले सन् २००३ मा जैविक विविधता ऐन र २००४ मा सो ऐनको नियमावली जारी गरेको छ । ती ऐन र नियमावलीअनुसार प्रत्येक स्थानीय सरकारले संस्थागत रूपमा नै नागरिक समाज, स्थानीय समुदाय र अन्य व्यक्तिलाई समावेश गरेर आफ्नो मातहतमा रहने गरी जैविक विविधता व्यवस्थापन समिति गठन गर्नुपर्दछ । राष्ट्रिय स्तरको सम्बन्धित निकाय तथा राज्यस्तरीय जैविक विविधता बोर्डले समेत सम्बन्धित समितिको क्षेत्रभित्र पाइने जैविक विविधता तथा सम्बन्धित परम्परागत ज्ञानको प्रयोगसम्बन्धी कुनै निर्णय गर्दा सम्बन्धित जैविक विविधता व्यवस्थापन समितिको परामर्श लिनुपर्ने हुन्छ । तर पूर्व सुसूचित सहमतिको कार्यान्वयन गर्ने सन्दर्भमा भने यी ऐन तथा नियमावली स्पष्ट र पर्याप्त देखिँदैनन् ।

जापानको अर्थ, वाणिज्य तथा उद्योग मन्त्रालय र जापान जैविक उद्योग संगठनले आफ्नो देशका अनुसन्धानकर्ता, वैज्ञानिक, प्रजनक वा बहुराष्ट्रिय कम्पनीका लागि अन्य राष्ट्रको आनुवंशिक स्रोतमा पहुँच लिने विधिबारे एक निर्देशिका Guidelines on Access to Genetic Resources For Users in Japan, 2005 जारी गरेको छ । उक्त निर्देशिकाले जुन देशको स्रोतमा पहुँच चाहिएको हो, त्यो देशको राष्ट्रिय कानुन र प्रशासनिक व्यवस्था अनुरूप नै पहुँच लिनुपर्ने र यो क्रममा दुई तहको निम्न प्रकारको पूर्व सुसूचित सहमति लिनुपर्ने व्यवस्था गरेको छः

- यदि आनुवंशिक स्रोत उपलब्ध गराउने राष्ट्रको सम्बन्धित राष्ट्रिय कानुनमा सूचना प्रदान गर्नुपर्ने; संकलन र अनुसन्धानको लागि स्वीकृति लिनुपर्नेजस्ता व्यवस्था गरिएको भए सोही अनुरूप सो राष्ट्रको सरकारबाट पूर्व सुसूचित सहमति लिनुपर्ने ।
- कुनै राष्ट्रमा वा क्षेत्रमा रहेको कुनै आनुवंशिक स्रोत वा सम्बन्धित परम्परागत ज्ञान वा दुवै कुनै आदिवासी जनजाति र स्थानीय समुदायले जोगाएर राखेको पाइयो तर त्यहाँको कानुन वा प्रशासनिक संयन्त्रमा उल्लेखित स्रोतको पहुँचसम्बन्धी कुनै प्रावधान तय गरिएको छैन भने पनि ती समुदायको पूर्व सुसूचित सहमति लिनुपर्ने ।

फिलिपिन्स र पेरूका राष्ट्रिय कानुनले भने पूर्व सुसूचित सहमति लिने प्रक्रियालाई स्पष्ट रूपमा उल्लेख गरेका छन् । फिलिपिन्सको कानुनअनुसार आनुवंशिक स्रोतमा पहुँच लिनु अगाडि यदि त्यो स्रोत संरक्षित क्षेत्रभित्र भए संरक्षण क्षेत्र व्यवस्थापन समितिको, आदिवासी जनजाति र स्थानीय समुदायको क्षेत्रभित्र भए ती समुदायको र कसैको व्यक्तिगत जग्गामा भए सम्बन्धित व्यक्तिको पूर्व सुसूचित सहमति लिनु पर्दछ । पेरूमा पहुँच लिनु पहिले नै पहुँच चाहने अनुसन्धानकर्ता, व्यापारिक संस्था वा व्यक्तिले सम्बन्धित आदिवासी जनजाति समुदायको हक-हितको प्रतिनिधित्व गर्ने कुनै संगठनबाट पूर्व सुसूचित सहमति लिनुपर्ने व्यवस्था गरिएको छ ।

यसप्रकार कानुनी रूपमा नै पूर्व सुसूचित सहमति लिनुपर्ने प्रावधान भएपछि आफ्नो भू-भागमा भएका जैविक तथा आनुवंशिक स्रोतमाथि राष्ट्रको सार्वभौम अधिकार स्थापित गर्न सकिन्छ र ती स्रोतको व्यावसायिक उपयोग गरिएमा पारदर्शी रूपमा लाभको बाँडफाँडलाई समन्यायिक बनाउन मद्दत पुग्दछ । तर यस्तो प्रावधान कार्यान्वयनको क्रममा आफ्नै खालका कठिनाई आउन सक्छन्, जसमध्ये केहीलाई यहाँ उल्लेख गरिएको छः

- स्थानीय समुदाय र सरोकारवालाको प्रतिनिधिको निर्क्योल कसरी गर्ने र सो प्रतिनिधि पक्षको क्षमता र अधिकारको मापन कसरी गर्ने ?
- जैविक विविधताको अनुसन्धान र खोजीको सम्पूर्ण प्राविधिक जानकारी, सम्बन्धित कानुनी प्रावधान, लाभको बाँडफाँडजस्ता विषयबारे सम्बन्धित समुदायलाई स्पष्ट रूपमा कसरी बुझाउने ?
- जैविक विविधताको अनुसन्धान र खोजीबाट समुदायलाई पर्नसक्ने असरको पहिचान कसरी गर्ने र त्यसबारे समुदायलाई कसरी सुसूचित गर्ने ?
- उस्तै ज्ञान रहेका एकभन्दा बढी समुदाय भएमा ती समुदायको पहिचान कसरी गर्ने र सबैको अधिकारको रक्षा र पूर्व सुसूचित सहमतिको कार्य कसरी गर्ने ?
- पूर्व सुसूचित सहमतिको लागि आवश्यक पर्ने खर्च कसले व्यहोर्ने ?

## नेपालमा पूर्व सुसूचित सहमतिसम्बन्धी नीतिगत र कानुनी व्यवस्था

नेपालले सन् १९९२ मा जैविक विविधता महासन्धिमा हस्ताक्षर गर्‍यो र सन् १९९३ मा संसदबाट अनुमोदन गरेपछि त्यसको पक्ष राष्ट्र बन्न पुग्यो । महासन्धिकै निर्देशअनुसार त्यसको कार्यान्वयन गर्न वन तथा भू-संरक्षण मन्त्रालयले आनुवंशिक स्रोतमा पहुँच, उपयोग तथा लाभको बाँडफाँडसम्बन्धी ऐनको मस्यौदा तयार पारेको छ ।

नेपाल सरकारले सन् २००२ मा राष्ट्रिय जैविक विविधता रणनीति तर्जुमा गर्‍यो । यो रणनीतिले जैविक विविधता महासन्धिका तीन सिद्धान्तहरू– जैविक विविधताको संरक्षण, दीगो उपयोग र त्यस्तो उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडलाई नै आफ्नो मूल निर्देशक सिद्धान्त बनाएको छ । सन् २००६ मा जारी भएको कृषि जैविक विविधता नीतिले अझ स्पष्ट रूपमा आनुवंशिक स्रोतमाथिको पहुँचका लागि अपनाउनु पर्ने सिद्धान्तलाई निर्दिष्ट गरिदिएको छ । यो नीतिमा नेपालमा उपलब्ध खाद्य तथा कृषिजन्य आनुवंशिक स्रोतमा विदेशी संस्थाले पहुँच प्राप्त गर्न नेपाल सरकारबाट पूर्व अनुमति लिनुपर्ने र तोकिएको अन्य शर्त पूरा गर्नुपर्ने उल्लेख छ । यो क्रममा नेपाल सरकारले चाहिँ सम्बन्धित निकाय तथा कृषकको पूर्व सुसूचित सहमति लिनुपर्छ कि पर्दैन भनेर स्पष्ट रूपमा उल्लेख गरिएको छैन । उक्त नीति अनुसार स्वदेशमा नै खाद्य तथा कृषिजन्य आनुवंशिक स्रोत एवं परम्परागत ज्ञानसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न सरकारसँग अनुमति लिइरहनु पर्दैन तर सम्बन्धित निकाय तथा कृषकको पूर्व सुसूचित सहमति भने लिनुपर्ने हुन्छ ।

पूर्व सुसूचित सहमति लिने र दिने व्यवस्थालाई आनुवंशिक स्रोतमा पहुँच, उपयोग तथा लाभको बाँडफाँडसम्बन्धी विधेयकमा अलि बढी स्पष्ट र सुदृढ बनाइएको छ । यस विधेयकमा जैविक र आनुवंशिक स्रोत तथा पदार्थ एवं त्यस्तो स्रोत तथा पदार्थको उपयोगसम्बन्धी परम्परागत ज्ञानको अभिलेख तयार गर्दा सम्बन्धित स्रोत, पदार्थ वा ज्ञानमा स्वामीत्व भएका व्यक्ति वा संस्था वा स्थानीय समुदायको पूर्व सुसूचित सहमति प्राप्त गर्नुपर्ने व्यवस्था गरिएको छ र यस्तो पूर्व सुसूचित सहमति सार्वजनिक सुनुवाईको माध्यमबाट लिइने व्यवस्था गरिएको छ । यस्तो सार्वजनिक सुनुवाईको प्रक्रिया निम्नअनुसार तय गरिएको छः

- पहुँच चाहने पक्षले पेश गरेको प्रस्तावलाई राष्ट्रिय आनुवंशिक स्रोत संरक्षण परिषद्ले आवश्यक जाँचबुझ गर्ने र सम्बद्ध स्थानीय संस्था, निकाय वा समुदायमा सार्वजनिक सुनुवाईको लागि पठाउने । तत्सम्बन्धी सूचना तोकिएको ढाँचामा कम्तिमा दुईवटा राष्ट्रिय तथा स्थानीय पत्र-पत्रिकामा प्रकाशित गर्ने ।
- सूचना प्रकाशन भएपछि सम्बन्धित गाउँ विकास समिति (गाविस) वा नगरपालिकाले बढीमा पन्ध्र दिनको म्याद दिई स्थानीय बासिन्दालाई सार्वजनिक सुनुवाईको लागि भेला बोलाउने ।
- भेलाले पूर्व सुसूचित सहमति प्रदान गरेमा सो सहमतिको आधारमा वा तत्सम्बन्धी व्यक्त भएका प्रतिक्रियाका आधारमा सम्बन्धित गाविस वा नगरपालिकाले आनुवंशिक स्रोत संरक्षण परिषद्लाई आवश्यक सिफारिस गर्ने ।
- कुनै आनुवंशिक स्रोत वा पदार्थ दुई वा दुईभन्दा बढी गाविस, नगरपालिका वा जिल्लाको भौगोलिक क्षेत्रमा पाइने भएमा सार्वजनिक सुनुवाईको उपयुक्त विधि र सुनुवाई गर्ने निकाय परिषद् आफैंले तय गर्नसक्ने ।
- पहुँच चाहने वा निजको प्रतिनिधि सार्वजनिक सुनुवाईमा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने ।
- परिषद्ले पहुँच चाहनेसँग छलफल गर्दा प्राविधिक तथा वातावरणीय प्रतिवेदन तथा स्थानीय निकायबाट प्राप्त सिफारिसलाई पनि

**चित्र** जैविक विविधता महासन्धि र बोन निर्देशिका बमोजिम जापान सरकारले पहुँच लिन बनाएको निर्देशिका




स्रोतः *METI and JBA 2006. Guidelines on Access to Genetic Resources For Users in Japan. Tokyo: Ministry of Economy, Trade and Industry, Japan and Japan Bioindustry Association.*

महत्व दिनुपर्ने ।

- परिषद्ले पहुँच चाहनेसँग छलफल गर्न वार्ता समिति गठन गर्नसक्ने । यस्तो समितिमा सम्बन्धित विषयको प्राविधिक तथा कानुन र व्यवस्थापन क्षेत्रका विशेषज्ञ एवं सम्बद्ध स्थानीय निकाय, महिला, आदिवासी जनजाति र दलितलगायतका स्थानीय समुदायका प्रतिनिधिलाई पनि समावेश गर्नुपर्ने ।

यति हुँदा-हुँदै पनि विधेयकमा प्रबन्ध गरिएको सार्वजनिक सुनुवाईको विधि तुलनात्मकरूपमा बढी खर्चिलो, बढी समय लाग्ने र समुदायमित्रका टाठा-बाठाले मात्र फाइदा लिनसक्ने खालको छ । यो विधिले समुदायको सुसूचित हुने र त्यसका आधारमा मात्र सहमति दिने वा नदिने भन्ने विषयमा निर्णय गर्न पाउने अधिकारको पूर्ण रूपमा पालना गराउन सक्दैन किनकी विधेयकमा प्रबन्ध गरिएको सार्वजनिक सुनुवाईबाट समुदाय आफैंले पूर्व सुसूचित सहमति दिने अधिकारको प्रयोग गर्न सक्दैन बरू सरकारलाई राय मात्र दिन सक्छ ।

## नेपालमा पूर्व सुसूचित सहमतिको सफल कार्यान्वयनका लागि चालिनुपर्ने कदम

- नेपालमा पाइने सबै आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानको स्पष्ट पहिचान हुनेगरी अभिलेखीकरण नगरेसम्म त्यस्ता स्रोत र ज्ञानमा समुदायको अधिकारको रक्षा गर्न कठिन हुन्छ । त्यसैले, नेपाल सरकारले कुन आनुवंशिक स्रोत तथा ज्ञान कुन समुदायको हो भन्ने कुरासमेत खुलाएर सबैभन्दा पहिले जैविक विविधता अभिलेखीकरणको कार्यलाई राष्ट्रिय कार्यक्रमको रूपमा अघि बढाउनु पर्ने हुन्छ । स्थानीय स्तरमा तयार पारिने त्यस्ता अभिलेखको एक प्रति समुदायमा नै राख्ने र अर्को एक प्रति राष्ट्रिय अभिलेखालयमा राख्ने व्यवस्था गर्नुपर्दछ । यी अभिलेखलाई समुदायको स्वामीत्वको आधार वा प्रमाणको रूपमा कानुनी मान्यता दिनुपर्दछ ।
- नेपालको आनुवंशिक स्रोतसम्बन्धी विधेयकलाई यथाशीघ्र कानुनमा परिणत गर्नु आवश्यक छ । तर कानुनमा परिणत गर्नुअघि यसमा रहेका केही कमी-कमजोरीलाई भने सुधार्नु पर्ने हुन्छ । पूर्व सुसूचित सहमतिको लागि गरिने सार्वजनिक सुनुवाईलाई कम खर्चिलो र सबैले आफ्नो राय उपयुक्त किसिमले राख्नसक्ने खालको बनाउनु पर्छ; टाठा-बाठाले मात्र लाभ लिनसक्ने अवस्थालाई सुधार्नु पर्छ । यसका लागि गाविसस्तरमा समुदायको वास्तविक प्रतिनिधित्व हुने किसिमको जैविक विविधता समिति गठन गर्नुपर्दछ र ती समितिको क्षमता अभिवृद्धि गर्दै लैजानु पर्दछ ।
- पहुँचका लागि पूर्व सुसूचित सहमति चाहने प्रत्येक व्यक्ति वा संस्थालाई समुदायसँग सिधा आबद्ध गराउनु उपयुक्त हुँदैन । सबभन्दा पहिले पहुँच चाहने व्यक्ति वा संस्थाको अनुरोधमा तोकिएको सरकारी निकायले सम्बन्धित समुदायबाट पूर्व सुसूचित सहमति लिनुपर्दछ । यस्तो सहमति सम्बन्धित स्रोत र ज्ञानको स्वामीत्व भएका समुदाय अन्तरगतका जैविक विविधता समितिमार्फत् लिने प्रबन्ध गर्नुपर्दछ । त्यसपछि सोही सहमतिको आधारमा सरकारको उल्लेखित निकायले पहुँच चाहने व्यक्ति वा संस्थासँग स्रोत हस्तान्तरण सम्झौता गर्ने प्रावधान राख्नुपर्दछ । यसो गर्नाले पूर्व सुसूचित सहमतिको प्रक्रिया सहज, कम खर्चिलो र स्पष्ट हुनुको साथै सम्भावित जैविक चोरी रोक्नसमेत मद्दत मिल्ने अपेक्षा गर्न सकिन्छ । स्रोतमा पहुँचको लागि अनुमतिको प्रस्ताव पेश गर्ने संस्थाले प्रस्तावसँगै निश्चित शुल्क बुझाउनु पर्ने प्रबन्ध गर्दा पूर्व सुसूचित सहमतिको प्रक्रियामा लाग्ने खर्चको उचित बाँडफाँड हुन गई परिषद् र स्थानीय निकायलाई कम व्यय भार पर्न जान्छ ।
- पूर्व सुसूचित सहमतिको प्रक्रियाबाट आफ्नो अधिकारलाई स्थापित गर्नका लागि गाविसस्तरमा गठन गरिने जैविक विविधता समिति सक्षम हुनुपर्दछ । त्यसका लागि जैविक विविधताको अनुसन्धान र खोजी, लाभको बाँडफाँड तथा सम्बन्धित कानुनी प्रावधानबारे सबै त्यस्ता समितिलाई पर्याप्त जानकारी गराउदै लैजानु पर्दछ । र, यो कार्यका लागि सरकारले विभिन्न सरकारी, गैरसरकारी तथा निजी संघ-संस्थाहरूसँग सहकार्य गरी अगाडि बढ्दा बढी प्रभावकारी हुने देखिन्छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE)
पो.ब.नं. १९३६६, टुकुचा मार्ग, बालुवाटार, काठमाडौं, नेपाल
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४५७०
ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

ली-बर्ड (Local Initiatives for Biodiversity, Research and Development–LI-BIRD)
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोनः ६१-५३५३५७, ५२६८३४, फ्याक्सः ६१-५३९९५६
ईमेलः info@libird.org, वेबः www.libird.org

वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) एक गैर-सरकारी संस्था हो । प्राकृतिक स्रोत, जैविक विविधता र पर्यावरणीय सेवाहरूको अनुसन्धान तथा विकासमा सहकार्य र सहभागितामूलक प्रणालीहरूको अवलम्बनबाट अवसरहरूको सिर्जना गरी गरीब तथा सिमान्तकृत वर्गको जीवनस्तर सुधार गर्दै गरिबी निवारण र सामाजिक न्यायको सुधारमा टेवा पुऱ्याउनु ली-बर्डको मूल उद्देश्य हो । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका विभिन्न जिल्लामा यो संस्था कार्यरत छ ।

लेखक ली-बर्डका वरिष्ठ कार्यक्रम अधिकृत हुन् । कपिराइटः सावती र ली-बर्ड, २०६८, सज्जाः विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रकः सिटी अफसेट प्रेस, ललितपुर ।
यो नीतिसार IDRC Canada को सहयोगमा सावती र ली-बर्डको संयुक्त पहलमा संचालित तीनवर्षे परियोजना Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal अन्तर्गत प्रकाशन गरिएको हो ।
यसमा प्रकाशित विचार तथा मान्यता लेखककै हुन्, सावती र ली-बर्डका नहुन पनि सक्छन् ।